| २०७७ बैशाख १ देखि असोज २३ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९५ | ६४ | २२३ | ४२ | ३७ | ११ | ६५ | ० | २१३ | **४०२** | **१०१** | **४४७** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असोज २३ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९३ | ६४ | २२२ | ३९ | ३६ | ९ | ३५ | ० | ९४ | **३६७** | **१००** | **३२५** |

# दैनिक विपद् बुलेटिन

२९ असोज विहान१०:०० बजेदेखि ३० असोज बिहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरी आज ६ स्थानमा **आगलागीको** घटना घटेका छन् । आगलागीबाट **१२ लाख ९४ हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ० | ० | ६ | ११ | १२,९४,००० | ० | ० |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का ६ वटा घट्ना भएका छन् ।
- **बाँके**को नेपालगंज उ.म.न.पा.- २ न्युरोड स्थित एक भाडाको पसलमा करेन्ट सर्ट भई **आगलागी** भएको । आगलागिबाट फेन्सी कपडाहरु जलेर नष्ट भएको ।
- **मोरङको** मिक्लाजुङ गा.पा.- १ को २ वटा घरमा अचानक **आगलागी** हुँदा घर पुर्णरुपमा जली सुन, चादी, अन्नपात र नगद समेत गरी १० लाख बराबरको क्षति ।
- **सिरहाको** बिष्णुपुर गा.पा- १ मा बिजुलीको तार सर्ट भई **आगलागी** हुँदा घरभित्र रहेको धानको गोदाम जलि ९४ हजार बराबरको क्षति ।

## घट्ना सारांश...

- **काठमाण्डौको** का.म.न.पा.- १६ नयाँजार फलफुलचोक स्थित एक घरमा **ग्यास सिलिण्डर बिष्फोट** हुँदा **आगलागी** भएको । **आगलागी**बाट घरको छत समेतमा क्षति भई ११ जना घाईते भएको । यसैगरी का.म.न.पा.- १२ त्रिपुरेश्वर स्थित सडक किनारामा रहेको बिजुलीको पोलमा रहेका तारमा अचानक **आगलागी** भएको । क्षति विवरण आउन बाँकी ।
- **भोजपुरको** अरुण गा.पा.- १ याङपाङको एक घरभित्र चुलामा खोले पकाउने क्रममा अचानक **आगलागी** भएको । आगलागीबाट घरमा रहेका काट पात जलि २ लाख बराबरको क्षति भएको ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट स्थानीयको सहयोगमा आगलागी पूर्ण नियन्त्रणमा लिइएको ।

बाढी पूर्वानुमान (Flood Forecast)

**पूर्वानुमान आज असोज-३०(शुक्रबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्दो हुने तथा सतर्कता तलै हुने पूर्वानुमान छ ।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब घट्दो हुने तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज प्रदेश १ को पहाडी भूभाग भई बहने केहि स-साना सहायक नदीमा बहाब केहि बढ्न सक्ने तर सतर्कता तलै हुने पूर्वानुमान छ ।

**पूर्वानुमान भोलि : कार्तिक-०१ (शनिबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- भोलि कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्दो हुने तथा सतर्कता तलै हुने पूर्वानुमान छ ।
- भोलि कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब घट्दो हुने तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।
- भोलि देशैभरका स-साना नदीमा बहाब सामान्य हुने पूर्वानुमान छ ।

**मौसम पूर्वानुमान सम्बन्धी थप जानकारीका लागि यो लिंकमा हेर्नुहोला।**
http://mfd.gov.np/nwp/#/nwp/Precipitation, http://mfd.gov.np/nwp/#/nwp/Wind

## वर्षाको सारांश

असोज २९ गते बिहान ०८:४५ बजे देखि असोज ३० गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०६/३० गते बिहान ०८:४५ बजे १८६ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालित: ५३ र स्वचालित: १३३) मा मापन गरिएको वर्षाको विवरण अनुसार ३ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा मकवानपुर जिल्लाको सिलिङ्गे केन्द्रमा (९.४ मि. मी.) भएको छ। सिन्धुली जिल्लाको रानीबास केन्द्र र सिन्धुपाल्चोक जिल्लाको गुम्थाङ केन्द्रमा क्रमश: १.२ र ३.८ मि. मी. वर्षा भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/ मा हेर्नुहोस।